# लेखापरीक्षण प्रतिवेदन

## पाटन नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पाटन नगरपालिका, बैतडी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/601

श्रीमान् नगर प्रमुखज्यू,

पाटन नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, बैतडी।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



( थवराज अधिकारी )

नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/601

श्रीमान् नगर प्रमुखज्यू ,

पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

बैतडी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तपयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाकाको आय र व्यय तर्फ रू. १ अर्ब ५६ करोड ८० लाख ६३ हजारको लेखापरीक्षणबाट रू. ३ करोड २ लाख ४७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. २ करोड ५८ लाख ५८ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. १३ लाख ६२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ लाख ६३ हजार र नियमित गर्नुपर्ने रू.२२ लाख ६४ हजार गरी जम्मा रू. ४३ लाख ८९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १८ करोड ८२ लाख ९७ हजारमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. १९ करोड २६ लाख ८६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरगपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय

सरकारमा रहेको छ। नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ३३ | ३,०२,४६,५७२ | ० | ७ | २,५८,५७,८७२ | ० | ४९ | २६ | ४३,८८,७०० | १३,६१,६५० | २२,६४,०५० | ७,६३,००० | ० | ० | ३०,२७,०५० | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | १८,८२,९७,३५२ | ० | ० | १८,८२,९७,३५२ | | ४३,८८,७०० | १९,२६,८६,०५२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ३६ | पारिश्रमिक कर | २१,२३० |
| २ | २०८१/८२ | ५६ | पाठ्यपुस्तक अनुदानमा बढी निकासाः | ६२,१४४ |
| ३ | २०८१/८२ | ५३ | दिवा खाजा कार्यक्रममा बढी भुक्तानी भएको | ८८,७१३ |
| ४ | २०८१/८२ | ४० | ढिलो राजश्व दाखिला | ४३,६५० |
| ५ | २०८१/८२ | ५७ | छात्रबृत्ति बढी भुक्तानी | २२,००० |
| ६ | २०८१/८२ | ५०.१ र ५०.२ | १५ वेड अस्पताल निर्माणको पेश्की जमानत र बढी भुक्तानी | २,५६,२०,१३५ |
| जम्मा | | | | २,५८,५७,८७२ |

# पाटन नगरपालिका, बैतडी

# ( ८०७७४४०२३०० )

# पाटन नगरपालिका , बैतडी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १० वडा रहेका छन् भने क्षेत्रफल २१९.२६ वर्ग किलोमिटर तथा राष्ट्रिय जनगणना, २०७८ अनुसार २९,२३० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१७ देखि २०८२।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ५६करोड ८० लाख ६३ हजार २३६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३२६२४१।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | स्वास्थ्य संस्थामा बढी भएको भुक्तानी भएको रकम असुल भई दाखिला भएको | ८४०८० |
| २ | विद्यालयहरुलाई छात्रवृत्ति वापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला भएको | ८००० |
| ३ | निःशुल्क पाठ्यपुस्तक वापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला भएको | १००९८३ |
| ४ | विद्यालय सञ्चालन खर्च वापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला भएको | २०००० |
| ५ | दिवाखाजा वापत बढी भुक्तानी भएको रकम असुल भई दाखिला भएको | ६१५६५ |
| ६ | शिक्षक तलव भत्ता बढी भुक्तानी भएको रकम असुल भई दाखिला भएको | ३५८१३ |
| ७ | विज्ञापन वापत ३ प्रतिशत कट्टी नभएको रकम असुल भई दाखिला भएको | १५८०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)**

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १०,८८,८५,२१४.२२ | ० | १०,८८,८५,२१४.२२ | ९,९०,९२,८१५.७९ | ० | ९,९०,९२,८१५.७९ |
| १३००० | अनुदान | ४३,८२,९४,३७५.९६ | ० | ४३,८२,९४,३७५.९६ | ४४,७८,७९,५६३.६९ | ० | ४४,७८,७९,५६३.६९ |
| १४००० | अन्य राजस्व | २८,५४,०५२.०२ | ० | २८,५४,०५२.०२ | २७,८३,७९३.८१ | ० | २७,८३,७९३.८१ |
| १५००० | विविध प्राप्ति | ६,६१,१७५.१८ | ० | ६,६१,१७५.१८ | ११,१६,८३७.०० | ० | ११,१६,८३७.०० |
| क | **कुल जम्मा प्राप्ति** | ५५,०६,९४,८१७.३८ | | ५५,०६,९४,८१७.३८ | ५५,०८,७३,०१०.२९ | | ५५,०८,७३,०१०.२९ |
| ३ | चालु | ४४,७४,१३,२९३.३१ | ० | ४४,७४,१३,२९३.३१ | ४३,९९,८७,८८६.१८ | ० | ४३,९९,८७,८८६.१८ |
| २१००० | पारिश्रमिक / सुविधा | १५,६८,३१,७७८.२२ | ० | १५,६८,३१,७७८.२२ | २५,२५,२१,६२९.५१ | ० | २५,२५,२१,६२९.५१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९,५४,७३,३०६.३९ | ० | ९,५४,७३,३०६.३९ | १७,७२,१३,६७५.५७ | ० | १७,७२,१३,६७५.५७ |
| २५००० | सहायता (Subsidy) | १८,४९,६६,५१४.७० | ० | १८,४९,६६,५१४.७० | ३,८६,१२७.०० | ० | ३,८६,१२७.०० |
| २६००० | अनुदान | ० | ० | ० | ३,३७,५००.०० | ० | ३,३७,५००.०० |
| २७००० | सामाजिक सुरक्षा | ९०,२३,६१५.०० | ० | ९०,२३,६१५.०० | ७३,६५,४६९.७० | ० | ७३,६५,४६९.७० |
| २८००० | अन्य खर्च | ११,१८,०७९.०० | ० | ११,१८,०७९.०० | २१,६३,४८४.४० | ० | २१,६३,४८४.४० |
| ४ | पूंजीगत | ११,६१,८१,४९१.९७ | ० | ११,६१,८१,४९१.९७ | ८,९६,५८,६९६.३२ | ० | ८,९६,५८,६९६.३२ |
| ३१११० | भवन तथा संरचना | ३,८९,७६,७४५.६४ | ० | ३,८९,७६,७४५.६४ | ३,९१,५८,०३५.२८ | ० | ३,९१,५८,०३५.२८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स | ६७,१७,३७३.०० | ० | ६७,१७,३७३.०० | २४,८८,१९१.०० | ० | २४,८८,१९१.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा फिक्चर्स | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | १७,९७,५१५.०० | ० | १७,९७,५१५.०० | ७,४९,३५६.०० | ० | ७,४९,३५६.०० |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | ० | ६,००,०००.०० | ० | ६,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,४०,२०,६३७.३३ | ० | ६,४०,२०,६३७.३३ | ४,५५,५९,१४५.०४ | ० | ४,५५,५९,१४५.०४ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ४,७२,२५४.०० | ० | ४,७२,२५४.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | ४१,९६,९६७.०० | ० | ४१,९६,९६७.०० | ११,०३,९६९.०० | ० | ११,०३,९६९.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ५६,३५,९४,७८५.२८ | | ५६,३५,९४,७८५.२८ | ५२,९६,४६,५८२.५० | | ५२,९६,४६,५८२.५० |
| ग) | **बचत /कमी (ग = क-ख )** | (१,२८,९९,९६७.९०) | | (१,२८,९९,९६७.९०) | २,१२,२६,४२७.७९ | | २,१२,२६,४२७.७९ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | २,९७,८७,६३४.९१ | | २,९७,८७,६३४.९१ | २१,४६९.१० | ८,१३,४६३.०६ | ८,३४,९३२.१६ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १,६८,८७,६६७.०१ | | १,६८,८७,६६७.०१ | २,१२,४७,८९६.८९ | ८,१३,४६३.०६ | २,२०,६१,३५९.९५ |
| च) | **गत आ.व.को** | ४,८२,२०,५३१.७८ | | ४,८२,२०,५३१.७८ | २,६१,५९,१७१.८३ | | २,६१,५९,१७१.८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नगद तथा बैंक मौज्दात | | | | | | |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६,५१,०८,१९८.७९ | | ६,५१,०८,१९८.७९ | ४,७४,०७,०६८.७२ | ८,१३,४६३.०६ | ४,८२,२०,५३१.७८ |

३ **एकिकृत आर्थिक विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४८२२०५३२ | १ | **चालु खर्च** | | |
| १.२ | संचित कोष | ३८१०२४७२ | | १.१ | पालिका चालु | १४४१७८२९१ | ४४७४१३२९३ |
| १.३ | धरौटी | ५७३८७६६ | | १.२ | शर्सत चालु | ३०३१९५००२ | |
| १.४ | विविध खर्च खाता | १५८४८२८ | | १.३ | प्रदेश शशर्त चालु | ४०००० | |
| १.५ | स्थानिय तह विविध कोष खाता | ३३१६४२ | | २.० | **पूँजीगत खर्च** | | |
| १.६ | स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | २४६२८२३ | | २.१ | पालिका पूँजीगत | ८७१०४८७८ | ११६१८१४९२ |
| २.० | आन्तरिक राजस्व जम्मा | ५७२४५४६ | ५७२४५४६ | २.२ | संघिय शशर्त पुजिगत | १०४११५११ | |
| ३.० | **वित्तिय हस्तान्तरण संघिय सरकार** | | ५२०३२३९९४ | | | | |
| ३.१ | राजस्व बाँडफाँड सघ र प्रदेश | १०६६५६६६६ | | २.३ | **संघिय समपुरक** | ३६२१०५५ | |
| ३.२ | वित्तिय समानीकरण अनुदान | ९६४३९७६० | | २.४ | **प्रदेश पुजिगत शशर्त** | ५०८९३४६ | |
| ३.३ | सशर्त अनुदान चालु | ३०३१९५००२ | | २.५ | **प्रदेश समपुरक** | ५२४७०४८ | |
| ३.४ | समपूरक अनुदान | ३६२१०५५ | | २.६ | **प्रदेश पुजिगत विशेष** | ४७०७६५४ | |
| ३.५ | शशर्त पुजीगत | १०४११५११ | | ३.० | **बिबिध खर्च खाता तर्फ खर्च** | २०६२६७१७ | २०६२६७१७ |
| ४.० | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २४६२७०४८ | ४.० | **धरौटी फिर्ता** | ३९३८४८१ | ३९३८४८१ |
| ४.१ | वित्तिय समानीकरण अनुदान | ९५४३००० | | ५.० | **मौज्दात** | | ६५०८८९६९ |
| ४.२ | सशर्त अनुदान चालु | ४०००० | | ५.१ | संचित कोष | २५१८३२७४ | |
| ४.३ | शशर्त अनुदान पुर्जिंगत | ५०८९३४६ | | ५.२ | धरौटी | ९४७९८७० | |
| ४.४ | समपुरक अनुदान पुर्जिंगत | ५२४७०४८ | | ५.३ | विविध खर्च खाता मौज्दात | २७६३१३६० | |
| ४.५ | बिशेष अनुदान पुजीगत | ४७०७६५४ | | ५.४ | स्थानिय तह विविध कोष खाता | ३३१६४२ | |
| | | | | ५.५ | स्थानिय तह प्रकोप व्यवस्थापन कोष खाता | २४६२८२३ | |
| | | | | ६.० | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| ५.० | अन्तर स्थानीय तहबाट प्राप्त | | | ६.१ | सामाजिक सुरक्षा | १४५७३११५४ | १८७४३७४१७ |
| ५.१ | सामाजिक सुरक्षा | १४५७३११५४ | १८७४३७४१७ | ६.२ | घरेलु तथा साना उधोग प्रवद्र्धन केन्द्र | ८७५८५१२ | |
| ५.२ | घरेलु तथा साना उधोग प्रवद्र्धन | ८७५८५१२ | | ६.३ | स्वास्थ्य क्षेत्र सुधार | ३७५००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केन्द्र | | | | कार्यक्रम | | |
| **५.३** | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३७५००० | | ६.३ | औधोगीक पूर्वाधार विकास कार्यक्रम | ४६०६८६९ | |
| **५.४** | औधोगीक पूर्वाधार विकास कार्यक्रम | ४६०६८६९ | | ६.४ | एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २२८९६७३१ | |
| **५.५** | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २२८९६७३१ | | ६.५ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | ५०६९१५१ | |
| **५.६** | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | ५०६९१५१ | | | | | |
| **६.०** | विविध कोष आय | ४६६७३२४९ | ४६६७३२४९ | | | | |
| **७.०** | धरौटी आय | ७६७९५८४ | ७६७९५८४ | | | | |
| | **जम्मा** | | **८४०६८६३६८** | | **जम्मा** | | **८४०६८६३६८** |

४ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४५७३११५४, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २२८९६७३१, घरेलु तथा साना उद्योग पर्वर्धन रु. ८७५८५१२, औद्योगिक पूर्वाधार विकास कार्यक्रम रु. ३५४००० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७५००० र उच्च पहाडी तथा हिमालि क्षेत्र स्वरोजगार तथा आर्थिक शशक्तिकरणमा रु. ५०६९१५१ समेत गरी रु. १८७४३७४१७/- सुत्रमा लेखाङ्कन गरेको छैन ।

५ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ६५,७६,२२,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ५८,८७,९७,२८९।०० अर्थात अनुमान भन्दा १०.४७ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६ **आवधिक योजना** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **योजना तर्जुमा तथा कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण निम्नानुसार रहेको छः

| **विवरण** | **योजना संख्या** | **बजेट खर्च रु.** |
|---|---|---|
| रु.१ लाख सम्म | ६२ | ४८७४२६८ |
| रु.१ देखि ५ लाख सम्म | ९० | २०९०२६८४ |
| रु.५ देखि १० लाख सम्म | १३ | १०४१९८९७ |
| रु.१० देखि माथि | १९ | ७९९८४६४२ |
| **जम्मा** | | **११६१८१४९१** |

उपर्युक्त विवरणअनुसार पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ६२ योजनामा रू. ४८ लाख ७४ हजार र रू. १ लाख देखि ५ लाख सम्मका ९० योजनामा रू. २ करोड ९ लाख ३ हजार . ५ लाख देखि १० लाख सम्मका १३ योजनामा रू. १ करोड ४ लाख २० हजार तथा . १० लाख देखि माथिका १९ योजनामा रू. ७ करोड ९९ लाख ८५ हजार खर्च गरेको देखियो । यस अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वनाउंदा वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११६१८१४९२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना एवम गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| क्र. सं. | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२१०५००० | १४२९४४२३ | ६४.६६ |
| २ | पूर्वाधार विकास | ८४६४२००० | | |
| ३ | सामाजिक विकास | ३५२२१२०००. | ३१०२३९५५७.५ | ८८.०८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४६०००० | ५९८३२५ | ४०.९८ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११७२०३००० | १७५०६६७५८।७४ | ८८.७७ |
| | जम्मा | २२५४१०००० | १४८९२७४८ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८८.७७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ४०.९८ प्रतिशत रहेको छ।

११ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५९००९४८ राजस्व बाँडफाँड र अनुदानबाट तथा मोज्दात सहित रु.८३४७८५४२० समेत रु.८४०६८६३६८ आम्दानी भएकोमा चालु तर्फ रु ४४७४१३२९३ र पूँजिगत तर्फ रु. ११६१८१४९२ र अन्य रु. २१२००२६१५ समेत रु. ७७५५९७४००/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १०५९९७१०/- खर्च भएको छ जुन आन्तरिक आयको १७९.६३ प्रतिशत रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण कार्यमा परिचालन गरिनुपर्दछ ।

१२ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्थाछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो कार्यविधि तयार गरेको देखिएन ।
- वडा कार्यालयमारहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूलजिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनुपर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको पाइयो।
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेको देखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखितसेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमात्यस्तोगरेको देखिएन।
- स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम चौथो त्रैमासिकमा खर्च गरेको देखियो।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रीय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यकालीनखर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा उपभोक्ता समितिहरुमान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर पालिकामा गठन भएका उपभोक्ता समितिहरु सो ऐन बमोजिम दर्ता गेरेको पाइएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२, ९३ र ९४ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्बन्धमाभण्डार प्रमुख, कार्यालय प्रमुख तथा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाएकोछ। कार्यालयमा २०८१ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण अद्यावधिक गर्नुपर्नेमा त्यस्तो मौज्दा विवरण तयार गरेको देखिएन।
- बेरुजु लगतः म. ले. प. फाराम ८०१- बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको देखिएन।

तसर्थ नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१३ **त्रैमासिक पूँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम | दोस्रो | तेश्रो | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | ११६१८१४९२ | ३२५८४३६ | ३२६९३२३० | ५७२३३००० | ५२६६१४७७ |
| प्रतिशत | १०० | २.८ | २८.१४ | ४९.२६ | ४५.३३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. ६८९६४८६६निकासा भएकोमा प्रथम चौमासिकमा रु. ३२५८४३६ (२.८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३२६९३२३० (२८.१४प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ५७२३३०००(४९.२६ प्रतिशत) खर्च गरेको देखिएकोमा आषाढ महिनामा मात्र रु.५२६६१४७७ (४५.३३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१४ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकी योजना तथा कार्यहरुको रु. ४१६४१००/- भुक्तानी दिएको छ।यसरी गत बर्षको भूक्तानी दिन बांकी रहने अवस्थाले यो आर्थिक बर्षमा विकास निर्माण र समग्र बजेट व्यवस्थामा स्रोतको कमि हुन गइ प्रतिकुल असर पर्दछ।बजेट सुनिश्चितता नभइ योजना तथा कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिएन । यस प्रकारको खर्चमा पालिकाले सुधार गर्नुपर्दछ ।

१५ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ।तर नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य नगरेकोले जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१६ **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७ **अधुरा आयोजना –**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र. सं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | गौडाली गाड पौडी देखि खिपाली खानेपानी योजना | Saini Nirman Sewa , Bungal, Bajhang | २०८१/१२/०४ | २०८२/०३/११ | ७१२२००० | ६८.६३% |
| २ | डुब्के सिँचाइ योजना | B &B Organization, Dhangadhi-11, Kailali | २०८२/०१/२३ | २०८२/०३/१० | ६६२७००० | ८% |
| ३ | १० वटै वडाहरुकको दलित बस्तीहरूमा खानेपानी एक घर एक धारा निर्माण | Udaydev Nirman Sewa And Suppliers, Patan-8, Baitadi | २०८२/०२/२७ | २०८२/०३/२० | ३७६४००० | ८५% |
| ४ | गुजर मा.वि. ४ कोठे भवन निर्माण | B.N. Construction And Suppliers Pvt. Ltd., Patan-6, Baitadi | २०८१/१०/2३ | २०८२/०३/१२ | ९४३००० | २४% |
| ५ | वार्ड ६ कार्यालय भवन | RC Kailash Construction, Bajura | २०८१/०९/०७ | २०८२/०३/१५ | ३७७१००० | ४१% |
| ६ | सिद्धनाथ उदयदेव धार्मिक प्रयटकीय क्षेत्र निर्माण | B & B Construction ,Dhangadhi-3 | २०८२/०२/२७ | २०८२/०३/२० | ३८९२००० | ४२% |
| ७ | मस्टामाण्डु ट्रस पुल | Agro Engineering Works Pvt.Ltd.Rupandehi | २०८२/०२/०८ | २०८२/०३/१२ | ० | ०%, कार्य सम्पन्न भएको |
| ८ | भुमेश्वर मा.वि. बिध्यालय भवन निर्माण | Shivling/Khaptad/Bishnu J/V, Kanchanpur | २०८/१२/०६ | २०८२/०६/२९ | १६३००००० | ९०% |
| १० | १५ बेड अस्पताल | Synergy Pradhan JV, Kathmandu-32 | २०७८/३/२१ | २०८२/०९/३० | २२८००००० | ३५% |

१८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनाहरुलाई प्राथमिकता दिनुपर्दछ ।

१९ **जिन्सी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा केही दाखिलामा सो गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२१ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाले सो नियम बमोजिम सार्वजनिक परीक्षण गरेको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२२ **तलवी प्रतिवेदन** –

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं.१८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष कर्मचारीहरूलाई तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता भुक्तानी गरेको देखियो । नियमानुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **कानून निर्माण एवम् कार्यान्वयन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ६ वटा नियमावली, ४० वटा कार्यविधि तथा अन्य ११ वटा लगायत ६८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

२४ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ९ र यो वर्ष थप भएको ९ गरी कुल १८ विवाद दर्ता भएकोमा ११ वटा फर्स्यौट भई ७ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म १२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, लेखा अधिकृत सहित १४ पदहरु रिक्त रहेका छन् ।

२६ **वडा सचिवको पदपुर्ति** -

यस नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरवन्दी र पदपुर्तिको अवस्था निम्नानुसार छन्। रिक्त वडा सचिवहरुको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपुर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ८ | २ |

२७ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २०८८३३८०/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्नु उपयुक्त देखिएन । नियमानुसार रिक्त दरबन्दीमा पदपूर्ति गरी तलव भत्ता भुक्तानी तथा सेवा प्रवाह चुस्त दुरुस्त बनाउनुपर्दछ ।

२८ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुचि १ मा व्यवस्था गरेको छ। उक्त अनुसुचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था छ। सो अनुरुप निर्माणकार्यको लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिन्जेन्सी खर्च हुँदै आएको छ। महालेखानियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै: गाडी/मोटरसाइकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता र चियाखाजा खर्च जस्ता कार्यमा गरेको खर्च समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन। पालिकाले कन्टिन्जेन्सी खर्चको विवरण अद्यावधिक राख्नुको साथै योजनाअनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टी गर्नुपर्दछ।

| क्र=सं. | कन्टिन्जेन्सीको विवरण | खर्च रकम |
|---|---|---|
| १ | ज्याला | ७६३८९२ |
| २ | दैनिक भ्रमण भत्ता | १३४६११ |
| | **जम्मा** | **८९८५०३** |

### २९ आर्थिक सहायता

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आर्थिक सहायता जस्ता वितरणमुखी खर्चमा न्युनीकरण गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष बाढी पहिरो, आगलागी, हावाहुरी जस्ता प्रकोप तथा सडक निर्माणका क्रममा भएको क्षतिका लागि रु ५००० देखि रु १५०००० सम्मका दरले आर्थिक सहायता वितरणमा रु. १५७७०००/- खर्च भएको छ। यस्ता खर्चलाई आन्तरिक आयसँग समेत आवद्ध गरी न्युनीकरण गर्नुपर्दछ ।

### ३० सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३तथा दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यो बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाई सराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८११ |
| मृत्युदर्ता | २२७ |
| बसाईसराई दर्ता | १७० |
| विवाह दर्ता | ३१८ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३.५ कि मि |
| ग्राभेल सडक मर्मत | ७ कि मि |

### ३१ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रु. २१९८६७२।०० खर्च गरेको छ

। उक्त खर्च पालिकाको आन्तरिक आय रु. ५९००९४८।०० को ३७.२६ प्रतिशत हुन आउँछ । यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रुपमा खर्च गर्ने व्यबस्था हुनुपर्दछ ।

३२ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ११४९०७०/- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

३३ **कार्यविधिको पालना नभएको**

पालिकाले बनाएको आर्थिक सहायता वितरण तथा व्यवस्थापन कार्यविधि ,२०७९ को बुँदा ४ मा आर्थिक सहायता वितरण प्रकृयामा ५ हजारदेखि माथी २५००० सम्मको आर्थिक सहायता नगरकार्यपालिकाको बैठकको निर्णय गराएर मात्र दिनुपर्नेछ भन्ने उल्लेख गरिएकोमा निम्नानुसार व्यक्तिहरुलाइ तोकिएको दरभन्दा बढी खर्च लेखेको देखिएकोले कार्यविधि विपरित खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं | भौ.नं./मिति | सहायता पाउनेको नाम | सहायताको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | १७०।२०८१।१०२० | फुनि बोहरा | शारिरिक अस्वस्थता | १४५००० |
| २ | | मानबहादुर विष्ट | शारिरिक अस्वस्थता | ७५००० |
| ३ | २०७।२०८१।१०।२९ | जानकी बिष्ट | अशक्त सहायता | ५०००० |
| ४ | | राजु नेपाली | असहाय | ४०००० |
| ५ | २३८।२०८१।११।४ | मिना लुहार | घर भत्किएकोले | ३०००० |
| जम्मा | | | | ३४०००० |

| अनियमित भएको | ३,४०,००० |
|---|---|

३४ **पदाधिकारी बैठक भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारीको बैठक भत्ता वापत रू. ४,९९,५३०/- खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारीलाई उपलव्ध गराइने सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

३५ **पदाधिकारी सुविधा**

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिका सदस्यलाई मासिक सुविधा सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले यस वर्ष पदाधिकारीहरुलाई मासिक सुविधा अन्तर्गत रू. १,०५,९९,७१०/- भुक्तानी गरेको छ जुन आन्तरिक आयको १७९.६३ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई ध्यानमा राखि पदाधिकारी सुविधा भुक्तानी गर्नुपर्दछ ।

३६ **विद्युत् महशुलमा जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह

असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ। कार्यालयले विद्युतको विलको रकम भूक्तानी गर्न विलम्ब भएका कारण निम्नानुसार जरिवाना तिरेको पाइयो। कार्यालयले समयमै विलको रकम भूक्तानी गर्नुपर्दछ।

| भौ.नं./मिति | विल रकम | जरिवाना रकम |
|---|---|---|
| ३६।२०८१।७।२९ | १२८५ | ३२१ |
| | ५७४ | २८ |
| ३९।२०८१।८।२ | २३६० | ५९० |
| | १९७२ | ४९३ |
| | ३८६८ | ९६७ |
| ९०।२०८१।८।२८ | ५२३८ | १३०९ |
| २०६।२०८१।१०।२९ | ३५० | ८७ |
| | ३३५ | १६ |
| २४४।२०८१।११।०५ | १२०९ | ३०२ |
| | २१५ | १० |
| ४६६।२०८२।३।४ | ८७०१ | २१७५ |
| | ५१५ | ५२ |
| | ३०७४ | ७६८ |
| | ३८५१ | ९६२ |
| | २८० | १४ |
| ४९२।२०८२।३।१२ | ८३१५० | २०७८७ |
| | २११६० | २११६ |
| | ५७७२ | १४४३ |
| | १६०४३ | ४०१० |
| | १९७७ | १९७ |
| | ६१३ | १५३ |
| | १६१७४ | ४०४३ |
| | ४७१३ | ४७१ |
| | २६४३ | ६६० |
| | १०७५ | १०७ |
| ५५५।२०८२।३।१८ | ५५६ | १३९ |
| | ५४४ | ५४ |
| | ५३२ | ५३ |
| ५६५।२०८२।३।२० | ८८५३ | २२१३ |
| | ३५२८ | ३५२ |
| | | |

| | | |
|---|---|---|
| | ८००० | २००० |
| | ११९६७ | २९९१ |
| | २१४२ | २१४ |
| | १२४०४ | ३१०० |
| | ९२८ | ९२ |
| १३७।२०८१।९।२८ | १७८० | ४४५ |
| | ८७४ | ४३ |
| **जम्मा** | **२३९२५५** | **५३७७७** |

३७ **पारिश्रमिक कर**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२१,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३८ **नियम पालन नगरी बिज्ञापन खर्च**

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। कार्यालयबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। कार्यालयबाट विज्ञापनवापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम विज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रु.

| **क्र.सं.** | **भौ.न/मिति** | **विज्ञापन एजेन्सीको नाम** | **भुक्तानी भएको रकम** | **विज्ञापन बोर्डको खातामा जम्मा हुनुपर्ने रकम** |
|---|---|---|---|---|
| १ | १२७।२०८१।९।२६ | मनास्लु एडभर्टाइजिङ मिडिया प्रालि | ६४१०२ | १९२३ |
| २ | १३६।२०८१।९।२८ | न्यु सन्तोष विज्ञापन एजेन्सी | ७४००० | २२२० |
| ३ | १३७।२०८१।९।२८ | खाल्लेक मिडिया ग्रुप प्रालि | २३०४० | ६९१ |
| जम्मा | | | | **४८३४** |

| असुल गर्नुपर्ने | ४,८३४ |
|---|---|

३९ **विल भर्पाइ पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।देहायको सामाग्री वितरण गरेको भर्पाइ पेश गर्नुपर्ने रु.

| क्र.सं. | भौ.न/मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५६३/२०८२।३।२० | सिद्येश्वर मावि | ४१०२० |
| २ | | सिद्येश्वर मावि हुक्केडाडा | ३९८० |
| जम्मा | | | **४५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

## ४० ढिलो राजश्व दाखिला

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४३,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ४१ सवारी साधन मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्येसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे २३ थान, एम्बुलेन्स २ थान, जीप २ थान, व्याकहोल्डर, दमकल, र ट्रीपर एक एक थान रहेको देखियो। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. १३,७०,०००/- खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनुपर्दछ ।

| मेशिनरी | संख्या | मर्मत रकम | आम्दानी रकम |
|---|---|---|---|
| मोटरसाईकल | २३ | ७०००० | ० |
| जिप | २ | ५००००० | ० |
| ट्रीपर | १ | ३५०००० | ० |
| व्याक्हो लोडर | १ | ० | ० |
| दमकल | १ | १२०००० | ० |
| एम्बुलेन्स | २ | १००००० | ० |
| | **जम्मा** | **१३७००००** | |

## ४२ डी.पि.आर. निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसार डिपिआर वापत आ व २०८१।८२ मा ५ वटाको रू २७ लाख ५ हजार खर्च भएको देखियो । कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्य वृद्धि तथा अन्य परिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वयन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर वनाउने कार्यमा खर्च गर्नुपर्दछ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्य संचालन/ सम्पन्न भए नभएको |
|---|---|---|---|---|---|
| Talli Syadi Gaad Kaneda Karkal Siraaijar Lift WS | HM Engineering Consultancy Alins Pvt.Ltd. | ३५०००० | ३४५४२० | ३१०९००५४ | **नभएको** |
| Preparation of architectural and structural report of sawaswoti aa bi and safe house | B & B Engineering services, Kailali | १००००० | ९९७४५ | १६०००००० | **भएको** |
| Upalla Batula Dhunga Khaniko Sambhabyata Addyan | Huinainath Consultancy Pvt.Ltd. | ३००००० | २९००९७ | | **नभएको** |
| DPR Nirman | Planiverse Engineering Consultancy PVt.Ltd., Kathamndu | १०००००० | ९९१५०० | १०११२०२६५ | **२ वटा सम्पन्न भएको र बाकि ५** |
| आवधिक विकास योजना | Api Saipal Bikas Manch, Maitidevi, Kathamandu | १०००००० | ९७८१५६ | | **सम्पन्न भएका** |
| | | | **२७०४९१८** | | |

४३ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । यस नगरपालिकाले देहाए बमोजिमको सामाग्री खरिद गर्दा ऐनको व्यवस्था विपरित सोझै खरिद कार्य गरेको उक्त कार्य नियमसम्मत नदेखिएकोले नियमानुसार खरिद प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गरी खरिद कार्यलाई मितव्ययी तथा पारदर्शी बनाउनुपर्दछ ।

| क्र. सं. | निर्माण व्यवसायीको नाम | कामको विवरण- चेनेज खुल्ने गरी | लागत अनुमान कन्टेन्जेन्सी बाहेक VAT समेत | सम्झौता अंक कन्टेन्जेन्सी बाहेक तर VAT समेत | भुक्तानी रकम VAT समेत |
|---|---|---|---|---|---|
| १ | **Prakriti Construction,Patan 6** | **Lorkha Sadak Marmat Base Halne Tatha Hume Pipe Byawasthapan** | १४३०८३।०४ | १३८१९१।३२ | १३४८२४।७८ |
| २ | **Dharam Dev Nirman Sewa , Patan** | **Musyachaura Basantpur Patan Sadak Saini Wall Tatha Nali Nirman** | ५१८४०० | ५१३३९६।८७ | ५१७४०० |
| ३ | **Chakra Nirman Sewa, Surnaya** | **Gujar Swyasthya Chauki Bhawan Pahiro Sarsafae Tatha Niayantran Karya** | ४७९६३०।२ | ४७६५९०.०० | ४७३८२३।१३ |
| ४ | **Chaar Bhai Nirman sewa, Patan 2, BAitadi** | **Ritheroda Naulagair Sadak Nirman** | ७७२१००।४८ | ७६२७४४ | ७६०४४८।३३ |
| ५ | **Aaayush Builders, Patan 4** | **Wada No.1, Sadak Sarsafae** | ५७३९८३।७३ | ५६६३४०।९० | ५५१२४२।९६ |
| ६ | **Simran Engineering, Kanchanpur** | **Wada No.7, Sadak Marmat Sambhar Tatha Sarsafae** | ४७९३३५।७४ | ४७२०७६।०३ | ४५८१२८।२७ |
| ७ | **Prakriti Construction,Patan 6** | **Wada No.5, Dehimandu Basantpur Sadak Sarsafae** | १९१२६१।६२ | १८८१०६।८६ | १८५३२६।६ |
| ८ | **Bar Shikhar Construction** | **Wada No.8, Sadak Sarsafae** | २८७७८५ | २८३०३१ | २७८५७१ |
| ९ | **Bar Shikhar Construction** | **Wada No.9, Sadak Sarsafae Tatha Bistar Yojana** | ४७९४६४ | ४६५८९७ | ४६१३६२ |
| १० | **Pannch Bhai Nirman sewa, Patan-10** | **Wada No.10, Sadak Sarsafae Tatha Bistar Yojana** | ३८३८९०।१२ | ३७८२३०।२ | ३७६५२१।२ |

४४ **उपभोक्ता समितले निर्माण व्यवसायी मार्फत गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.(१०) उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्याक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्नेछ भन्ने उल्लेख छ । नमुना परीक्षण गर्दा यस नगरपालिकाले निम्नानुसारका कार्यहरु उपभोक्ता समिति मार्फत गर्नका लागि सम्झौता भएकोमा अन्य निर्माण व्यवसायीहरु मार्फत गराएको देखियो । यसरी भएको कार्य नियमसम्मत नदेखिएको रु.

| उपभोक्ता समितिको नाम | कार्य गर्ने निर्माण व्यवसायी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| गुत्थडी गराल्लेक सडक मर्मत उ.स. | आयुष बिल्डर्स | ५५२५७० | डोजर तथा एक्साभेटर प्रयोग गरी कार्य गराएको |

| | |
|---|---|
| अनियमित भएको | ५,५२,५७० |

४५ **सफ्टवेयर खरिद -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले सफ्टेक फाउण्डेशनबाट डिजिटल सिटीजन चार्टर प्रणाली खरिद गरि रु.२९४९३० खर्च गरेकोमा खरिद भएको

सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै उक्त सफ्टवोयर सञ्चालनमा समेत आएको देखिएन।यसरि कानुनी व्यवस्थाको पालना नगरि खरिद गरिएको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९४,९३० |

४६ **पूर्व निर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१.(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । साथै सो नियमावलीको नियम १२८ मा खरिद सम्झौता उल्लंघन भए प्राप्त हुने उपचार सम्बन्धि व्यवस्था रहेको छ । यस नगरपालिकाले निम्नानुसारका विभिन्न निर्माण कार्यका लागि विभिन्न निर्माण व्यवसायीहरुसँग सम्झौता गरी कार्यादेश दिएकोमा कार्यसम्पन्न गर्नुपर्ने अवधि सकिएकोमा सो कार्य हालसम्म(लेखापरीक्षण अवधि २०८२।५।२३) पनि सम्पन्न भएको देखिएन । नियमानुसार अधिकार प्राप्त अधिकारीले पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम असुल गरी सो निर्माण कार्य पालिकालाई थप व्ययभार नपर्नेगरी निर्माण कार्यमा सम्झौता बमोजिमको गुणस्तर कायम गरी शिघ्र कार्यसम्पन्न गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। नमुनाको रुपमा केही भौचरहरु परीक्षण गर्दा यस नगरपालिकाले निम्नानुसार भुक्तानीमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिएको रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४७.१ | आर सी कैलास कन्स्ट्रक्शन | १७८,६२० |
| ४७.२ | जय माँ स्वर्गद्वारी निर्माण सेवा | २२,२६५ |
| ४७.३ | दलित सामुदायिक भवन मर्मत उ.स. | २,०४२ |
| ४७.४ | धरमदेव निर्माण सेवा | ९१,५९८ |
| ४७.५ | बि एण्ड बि कन्स्ट्रक्शन | ३२,९६८ |
| ४७.६ | बी एण्ड बी अर्गनाइजेशन | ९२,६११ |
| ४७.७ | बी एन कन्स्ट्रक्शन | १६,२७२ |
| ४७.८ | सिनर्जी प्रधान जे भी | २७१,४८३ |
| ४७.९ | सैन निर्माण सेवा | १४२,०४२ |

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४९,९०१ |

४८ **पेश्की रकम एकै पटक भुक्तानी**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क २ मा पेश्की दिदाँ पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ भन्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारका निर्माण कार्यमा सम्झौता अनुसार १० प्रतिशतले हुने पेश्की रकम २ बराबर किस्तामा पहिलो किस्ताको कार्य भएपछि दोस्रो किसता वापत भुक्तानी गर्नुपर्नेमा एकै पटक भुक्तानी गरेको पाइयो । यसरी सम्झौता अनुसार पछिल्लो किस्तामा दिनुपर्ने समेत एकै पटक दिएको देखिएकोले नियमसम्मत नदेखिएको रू.

| भौ.नं./मिति | कार्य विवरण | निर्माण व्यवसायी | सम्झौता रकम (भ्याट र पि एस समेत) | पहलो किस्ता भुक्तानी हुनुपर्ने पेश्की रकम | भुक्तानी भएको पेश्की रकम | बढी भुक्तानी भएको पेश्की रकम |
|---|---|---|---|---|---|---|
| १८०/०८२।३।१७ | वडा न २ को भवन निर्माण | बी एन कन्स्ट्रक्शन | ८८२३९३० | ३९०००० | ७८०००० | ३९०००० |
| २३१/०८२।३।२४ | गौडाली पौडी खिपाली खा पा निर्माण | सैन निर्माण सेवा | ११४२३०००।८० | ५००००० | १०००००० | ५००००० |
| | | **जम्मा** | | | | ८९०००० |

| | |
|---|---|
| अनियमित भएको | ८,९०,००० |

४९ **प्रमाण बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल,भरपाइ, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसारका भुक्तानीमा प्रमाण बेगर भुक्तानी भएको देखिएकोले यसरी भुक्तानी भएकोमा आवश्यक प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.

| क्र. सं. | भौ.नं./मिति | भुक्तानीको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २३०/०८२।३।२४ | डुब्के सिचाई योजना | बी एण्ड बी अर्गनाइजेशन | १८००० | Lab test को सक्कर विल पेश नभएको |
| | | **जम्मा** | | १८००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००० |

५० **१५ वेड अस्पताल निर्माणको पेश्की जमानत र बढी भुक्तानी**

५०.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२५** को निर्णयले रु **२५,६००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५०.२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२०,१३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **उपभोक्ता सम्बन्धीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको सार्वजनिक निर्माण कार्य सोही स्थानमा बसोबास गर्ने वासिन्दा वा सेवा उपभोग गर्ने समुदाय रहेको उपभोक्ता समितिबाट गर्न सकिने व्यवस्था छ । सोही नियमको उपनियम २ मा कामको प्रकृति र परिणाम अन्य आवश्यक कुराहरुलाई सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्ने वा उपभोक्ताले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । यसरी निवेदन वा प्रस्ताव प्राप्त भएपछि समितिसँग छलफल वार्ता वा निर्माण स्थलको स्थलगत भ्रमण गरी निर्माण कार्यको प्रकृति, उपभोक्ताले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत संभारको सुनिश्चिचता समेत विचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । तसर्थ विधिवत सम्झौता भै सकेपछि संचालनको निर्माण कार्यको मुल्याँकन बिल भरपाई लगायतका कागजातहरु समितिको बैठकबाट अनुमोदन गराउनुपर्ने भएकोले समितिको कार्य व्यवस्था र काम कर्तव्य र अधिकारको लागि विधिवत रुपमा दर्ता भई पारदर्शी रुपले कार्य गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले यो वर्ष विभिन्न १३२ वटा निर्माण कार्य उपभोक्ता

समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु. २९७३६१४१।०० भुक्तानी दिएको छ । उपरोक्त कानुनी व्यवस्था अनुसार उपभोक्ताबाट काम गराउन सार्वजनिक सुचना र प्रस्ताव आह्वान नगरेको, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने अशं समेत खुलाएर प्रस्ताव पनि पेश नभएको र विधिवत रुपमा दर्ता नभएका संस्थासँग पटके रुपमा सम्झौता गरी निर्माण कार्य गराएको देखियो । नियमानुसार सार्वजनिक सुचना र प्रस्ताव आह्वान नगरेको, उपभोक्ताहरुले काम र लागत तथा समितिले व्यहोर्ने अशं समेत खुलाएर प्रस्ताव पेश हुनुपर्ने साथै उपभोक्ता संस्था दर्ता गरी कार्य गराउनु पर्दछ ।

५२ **लागत साझेदारी नभएकोः**

उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८९ को दफा ५ को उपदफा (१) मी आयोजना सञ्चालन गर्न स्थानीय तहबाट न्यूनतम दश प्रतिसत लागत साझेदारी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मिति ३।२०८२।०३।२५ मा हाट बजार केन्द्र निर्माण उपभोक्ता समितिलाई रु. २३,८५,०००।०० र वगाउदेवल सिञ्चाई योजना उपभोक्ता समिति अन्तर्गत मित्र कन्स्ट्रक्सनलाई पहिलो तथा अन्तिम किस्ता बापत रु. २६,८४,१५११।०० भुक्तानी गर्दा कार्यविधिको दफा ५ को उपदफा (१) को व्यवस्था अनुरूप लागत नव्यहोरेको देखिएकोले उल्लेखित योजनाहरुमा भएको कुल खर्च रु. ५०.६९,१५१। को दश प्रतिशतले हुन आउने रकम रु. ५,०६,९१५।०० नगरपालिकाले संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ५२.१ | वगाउदेवल सिञ्चाई योजना उपभोक्ता समिति | २६८,४१५ |
| ५२.२ | हाट बजार केन्द्र निर्माण उपभोक्ता समिति | २३८,५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०६,९१५ |

५३ **दिवा खाजा कार्यक्रममा बढी भुक्तानी भएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **८८,७१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **दिवा खाजा कार्यक्रम**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रति विद्यार्थी रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको आधारमा निकासा दिने व्यवस्था रहेको छ । पालिकाले मातहतका ६३ विद्यालयलाई भौ.न. ३१, ७०, ११३, र १५८ बाट रु. ८४,१८,११५ निकासा दिएकोमा नमुना छनोटका आधारमा लेखापरीक्षण गर्दा विद्यालयले पेश गरेको हाजिरी पुस्तिकाको प्रतिलिपी परीक्षण गर्दा केरमेट तथा हाजिरी सच्चाइएको देखिएकोले उक्त निकासा रकम यथार्थ हो होइन एकिन गर्न सकिएन। पालिकाले यथार्थ हाजिरी विवरणका आधारमा दिवा खाजा निकासा दिनुपर्ने तथा प्रतिलिपी सच्याई माग गर्ने विद्यालयलाई जिम्मेवार बनाउनुपर्दछ ।

५५ **इन्टरनेट जडान अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१०. को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने आधारभुत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालय वार्षिक रु १२ हजार आधारभुत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. १५ हजार र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रु. २० हजारका दरले उपलब्ध गराउने र उक्त रकम इन्टरनेट जडान गर्ने, जडित इन्टरनेट शुल्क भुक्तानी गर्न खर्च गर्ने उल्लेख छ । स्थानीय तहले विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने र इन्टरनेट प्रयोग गरेका विद्यालयको विवरण IEMIS मा अनिवार्य अध्यावधिक गर्न लगाउने व्यवस्था छ । पालिकाले भौ नं ९४,२०८१।१२।२५ बाट

६१ वटा विद्यालयलाई इन्टरनेट जडान वापतको शुल्क भुक्तानी गर्न रु. ८,९६,००० रकम अनुदान उपलव्ध गराएकोमा देहायका विद्यालयहरुमा जडान भएको प्रमाण पेश नभएकोले इन्टरनेट जडान भए नभएको एकिन गर्न सकिएन । तसर्थ सम्वन्धित विद्यालयवाट इन्टरनेट जडान गरेको प्रमाण पालिकामा पेश गरी अनुदानको रकम सहि सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

५६ **पाठ्यपुस्तक अनुदानमा बढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **६२,१४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **छात्रबृत्ति बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८ **राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट शिक्षक तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। सो बमोजिम नेपाल सरकारले माध्यमिक तहसम्मका स्वीकृत दरबन्दीका शिक्षकको तलब भत्ता वापतको रकम अनुदान दिदै आएको छ। नगरपालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरबन्दी स्थायी र करार मार्फत पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत नगरपालिकाबाट निर्णय गराई बजेट विनियोजन गरी विद्यालयलाई तलब भत्ता शिर्षकमा अनुदान दिइएको देखिन्छ। पालिकाको स्वीकृत दरबन्दी बेगर पालिकाबाट तलब भत्ता खाने गरी पालिकाभित्रका ५० विद्यालयमा ११४ जना शिक्षक नियुक्ति गरी बार्षिक रु. २,०८,२८,८००/- खर्च लेखेको छ। अनुदान पश्चात सामुदायिक विद्यालयको शैक्षिक सुधारको सम्बन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई नगरपालिकाको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन नगरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

५९ **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्न विद्यार्थी संख्या र विषयको आधारमा तोकिए वमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

- स्थानीय तह मातहतमा रहेक ६३ विद्यालयहरुमा ४५० शिक्षक पदपुर्ती गरेकोमा पदपुर्ति मध्ये १५४ राहत/ करार ११४ जना निजी स्रोत तथा गाउपालिका अनुदानबाट शिक्षक पदपूर्ति देखिन्छ। पालिकाले न्युन बिद्यार्थी भएका बिद्यालय अन्य बिद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक बिद्यार्थीको अनुपात मिलाउनु पर्दछ ।
- विद्यार्थी संख्याको तुलनामा शिक्षक वढी भएकोवाट कम भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ । यस वर्ष पालिकाले ६३ विद्यालयलाई कुल २१ करोड ६९ लाख ५४ हजार निकासा दिएको छ।

| सि.न. | कक्षा | शिक्षक दरवन्दी | | | | पद पूर्ति | | | | विधार्थि संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयको नाम | स्थायी | राहत | करार | निजी स्रोत वा पालिका अनुदान | स्थायी | राहत | करार | निजी स्रोत वा पालिका अनुदान | |
| १ | बालकल्याण आवि | ४ | १ | ० | २ | ३ | १ | ० | २ | ११३ |
| २ | बाराघर आ व | २ | १ | ० | १ | २ | १ | ० | १ | ४० |
| ३ | भगवति आ वि | २ | २ | ० | २ | २ | २ | ० | २ | ७९ |
| ४ | भगवति आ वि | ० | २ | ० | १ | ० | २ | ० | १ | ७० |
| ५ | भृकुटि आ वि | ४ | २ | ० | २ | ४ | २ | ० | २ | १०९ |
| ६ | भुमेश्वर मा वि | ८ | ६ | ० | २ | ८ | ६ | ० | २ | २२० |
| ७ | भुमिराज आ वि | २ | ० | १ | १ | ३ | ० | ० | १ | ४१ |
| ८ | भुमिराज आ वि | ० | २ | ० | २ | ० | २ | ० | २ | ७१ |
| ९ | भुमिराज आ वि | ० | २ | ० | ० | ० | २ | ० | ० | २१ |
| १० | भुमिराज आ वि | १ | १ | ० | १ | १ | १ | ० | १ | २१ |
| ११ | भुवनेश्वर आ वि | २ | १ | ० | ० | २ | १ | ० | ० | ६१ |
| १२ | भुवनेश्वर आ वि | ३ | ३ | ० | ३ | ३ | ३ | ० | ३ | ८१ |
| १३ | बह्म आ वि | १ | ४ | ० | २ | १ | ४ | ० | २ | ६४ |
| १४ | चतुर्भुज आ वि | १ | ० | ० | ० | १ | ० | ० | ० | १५ |
| १५ | डाँडाबाग आ वि | ३ | २ | ० | १ | ३ | २ | ० | १ | १०६ |
| १६ | दुर्गबिताल आ वि | ० | १ | ० | २ | ० | १ | ० | २ | २२ |
| १७ | गणेश आ वि | २ | ० | ० | ० | २ | ० | ० | ० | २० |
| १८ | गौडाली आ वि | ० | २ | ० | २ | ० | २ | ० | २ | ७१ |
| १९ | ज्ञानज्योति आ वि | १ | ० | ० | १ | १ | ० | ० | १ | २६ |
| २० | ज्ञानेश्वर मा वि | १० | ५ | ० | ५ | १० | ५ | ० | ४ | ४१५ |
| २१ | जनप्रिय आ वि | ० | २ | ० | २ | ० | २ | ० | २ | ४५ |
| २२ | जनसक्ति आ वि | ० | २ | ० | ३ | ० | २ | ० | ३ | ५९ |
| २३ | जनता आ वि | २ | २ | ० | ४ | २ | २ | ० | ४ | ६६ |
| २४ | जनता मा वि | ३ | ७ | ० | २ | ३ | ७ | ० | २ | १८८ |
| २५ | जनप्रिय आ वि | ४ | १ | ० | ३ | ४ | १ | ० | ३ | १३७ |
| २६ | जयपुर आ वि | ४ | १ | ० | ३ | ४ | १ | ० | ३ | ८१ |
| २७ | कैलाश मा वि | ४ | २ | ० | ४ | ४ | २ | ० | ५ | २०९ |
| २८ | कालिका आ वि | ४ | १ | ० | ३ | ४ | १ | ० | ३ | १७७ |
| २९ | कालिका मा वि | ३ | ७ | ० | २ | ३ | ७ | ० | २ | १५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३० | कालसैन आ वि | ३ | १ | ० | ० | ३ | १ | ० | ० | ७३ |
| ३१ | लक्ष्मी आ वि | ३ | १ | ० | ३ | ३ | १ | ० | ३ | ११२ |
| ३२ | मा वि गुजर | ४ | ६ | ० | २ | ४ | ६ | ० | २ | २२८ |
| ३३ | महेश्वर आ वि | १ | २ | १ | ३ | १ | २ | १ | ३ | ५० |
| ३४ | मसानीदलित आवि | ० | २ | ० | १ | ० | २ | ० | १ | ५१ |
| ३५ | नागार्जुन आ वि | ० | १ | ० | ० | ० | १ | ० | ० | १२ |
| ३६ | नवदुर्गा आ वि | ४ | ३ | ० | २ | ४ | ३ | ० | २ | १२४ |
| ३७ | निलपालेश्वर मा वि | २ | ७ | ० | ५ | २ | ७ | ० | ५ | १३४ |
| ३८ | सहृसलिङ आ वि | ० | ३ | ० | २ | ० | ३ | ० | २ | १२६ |
| ३९ | सहृसलिङ आ वि | १ | ३ | ० | १ | १ | ३ | ० | १ | ७६ |
| ४० | सरस्वति मा वि | ४ | ९ | ० | २ | ४ | ९ | ० | २ | १४९ |
| ४१ | सरस्वति आ वि | २ | १ | ० | २ | २ | १ | ० | २ | ५४ |
| ४२ | सरस्वति केदार आ वि | १ | ० | ० | ० | १ | ० | ० | ० | १७ |
| ४३ | सरस्वति आ वि | ४ | ० | ० | ० | ४ | ० | ० | ० | ४५ |
| ४४ | शिगास मा वि | १३ | ३ | ० | १ | १३ | ३ | ० | १ | ३३१ |
| ४५ | शिवसक्ति आ वि | ३ | १ | ० | ४ | ३ | १ | ० | ४ | ६० |
| ४६ | आ वि पन्त्यौडा | ५ | २ | ० | २ | ५ | २ | ० | २ | १२४ |
| ४७ | कृष्ण मा वि | १८ | ८ | ० | ० | १८ | ८ | ० | ० | ५१० |
| ४८ | शिद्धेश्वर मा वि | ३ | ४ | ० | ५ | ३ | ४ | ० | ५ | २१९ |
| ४९ | शिद्धकेदार आ वि | ० | २ | ० | ० | ० | २ | ० | ० | ६६ |
| ५० | सिद्धसिगास बा वि के | ० | ० | ० | १ | ० | ० | ० | १ | ११ |
| ५१ | सिद्धदिप आ वि | २ | २ | ० | ३ | २ | २ | ० | ३ | ९४ |
| ५२ | सिद्धनाथ मा व | १२ | ३ | ० | १ | १२ | ३ | ० | १ | ३३१ |
| ५३ | शिद्धश्वर मा वि | ८ | ६ | ० | २ | ८ | ६ | ० | ३ | २०७ |
| ५४ | शिगास आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | २७ |
| ५५ | शिगास आ वि | ० | १ | ० | ० | ० | १ | ० | ० | २० |
| ५६ | शिगास आ वि | ० | २ | ० | ० | ० | २ | ० | ० | ५५ |
| ५७ | सोनपुर आ वि | ० | ० | ० | १ | ० | ० | ० | १ | ३६ |
| ५८ | सुकाबैना आ वि | ० | २ | ० | ० | ० | २ | ० | ० | २५ |
| ५९ | त्रिपुरेश्वर मा वि | ३ | ७ | १ | ६ | ३ | ७ | १ | ६ | ३०२ |
| ६० | उदयदेव आ वि | १ | २ | ० | ० | १ | २ | ० | ० | ६७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | उदयदेव आ वि | २ | १ | ० | २ | २ | १ | ० | २ | २६ |
| ६२ | उदयदेव मा वि | १३ | ३ | ० | २ | १३ | ३ | ० | ३ | २५२ |
| ६३ | विन्द्रवन मा वि | ० | २ | ० | ३ | ० | २ | ० | ३ | ९३ |
| **जम्मा** | | **१८२** | **१५२** | **३** | **११२** | **१८२** | **१५२** | **२** | **११४** | **६८९२** |

६० **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। साथै विद्यार्थी व्यवस्थापन सूचना प्रणालीमा सत्यापन नगरी निकासा गरेको रकम लेखापरीक्षण क्रममा एकिन गर्न नसिकिएको हुदाँ सो प्रणालीसँग सत्यापन गराई बढी निकासा भएको रकम एकिन गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ।

६१ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ। पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

६२ **विद्यालयलाई ल्याब सामग्री अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तहले स्थानीय तहले शैक्षिक सत्र २०७९ बाट कक्षा ९ मा प्राविधिक धार सञ्चालन गर्न केन्द्रबाट अनुदान प्राप्त गर्ने गरी छनोट भएका विद्यालय बाहेक साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयका लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रू २ लाख रकम उपलब्ध गराउने। विद्यालयले नियमितरूपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एवम् सामग्रीको व्यवस्था गरी शिक्षक एवम् विद्यार्थीको प्रयोगको व्यवस्था मिलाउने व्यवस्था गरेको छ। पालिकाले भौ.न. ९४, मिति २०८१।१२।२५ मा कृष्ण मा.वि. लाई प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान रु. २००,००० निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म विल भरपाई तथा प्रतिवेदन पेश नभएकोले अनुदानको सहि सदुपयोग भएको विल भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६३ **स्यानिटरी प्याड खरिद**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र विद्यालयहरुसँग समन्वय गरि मौज्दातको स्थिति समेत एकिन गरि वितरण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । नगरपालिकाले तोकिएको कार्यक्रमलाई प्राप्त रकम खर्च गर्दा कार्यक्रमको कार्यविधिमा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ। नगरपालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार स्यानिटरी प्याड खरिद गरि कक्षा ६ देखि १२ कक्षासम्म पढाई हुने विद्यालयहरुलाई निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालन गर्न भौ. नं. ४४ मिति २०८१।०९।२२ मा ठेक्का नम्वर NCB/PTNMUN/01/2081/82 बाट यूनिग्लोव ड्रग सप्लायर्स मार्फत प्रति प्याकेट मुल्य अभिबृद्धि कर समेत रु. ५१.९४ का दरले ३५४४४ प्याकेट रु. १८,४१,००० मा खरिद गरी २० विद्यालयलाई २२२४५ प्याकेट वितरण गरी १३१९९ प्याकेट पालिकाको भण्डारमा मौज्यात राखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायवमोजिम छनः

- **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा लागत अनुमान बनाउँदा ध्यान दिनुपर्ने विषय तथा आधार लिनुपर्ने कुराहरुको विषय उल्लेख रहेको छ । पालिकाले स्यानिटरी प्याड खरिद गर्दा ५ फर्मसँग दररेट माग गरी औसतलाई आधार मानि लागत अनुमान तयार गरेको देखिन्छ। रैलाकेदार मेडिसिन सप्लायर्सले प्रति प्याकेट रु.३५ मा दररेट पेश गरेपनि औषत लिई रु.४६ मा लागत अनुमान स्विकृत गरेको छ। पालिकाले खरिद कार्यलाई मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्छ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम स्यानिटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र स्यानिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिमको व्यवस्था पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।
- दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने स्यानिटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्यांकसँग भिडाई आवश्यक हुने संख्यामा स्यानिटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्यांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक स्यानिटरी प्याड उपलब्ध गराएको देखिएन। पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।
- दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८१ असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।
- दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राखुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । अतः पालिकाले विद्यालयमा निकासा गरेको स्यानिटरी प्याडको खर्च विवरण र मौज्दातको अभिलेख राखुपर्दछ।

### ६४ शिर्षक फरक पारी खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४.(१) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनुपर्नेछ भन्ने उल्लेख छ । पालिकाले संघिय सशर्तको भौ.न. ९५, २०८१।१२।२५ मा रु. १८६५५० दिवा खाजाका लागि विद्यालय अनुदान शिर्षकबाट छात्रवृत्ति र प्रतिविद्यार्थी लागत अनुदान रकम खर्च लेखेको देखिन्छ। सर्शतको रकम जुन शिर्षकमा आएको हो सोही शिर्षकमा खर्च गर्नुपर्नेमा सो अनुसार नगरेको अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,८६,५५० |

### ६५ विद्यालयको शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः

विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ । विद्यालयले उक्त सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने र विल, भरपाई, प्रमाणहरु सम्बन्धीत स्थानीय तहमा पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले शिक्षा समितिको निर्णय वमोजिम छनोट भएका माध्यमिक विद्यालय प.न.पा. गजुर लाई भौ.न. २०४, २०८२।०३।२० बाट विज्ञान प्रयोगशाला निर्माणिका लागि रु. ६,४८,८५२ निकासा निलपालेश्वर मा.वि. लाई भौ.न. २४५,२०८२।०३।२५ बाट पुस्ताकालय निर्माणका लागि रु. ६,५०,००० निकासा र विन्दावन मा.वि. लाई भौ.न. २१३, २०८२।०३।२१ बाट ICT ल्याव निर्माणका लागि रु. ६,४८,९५९ निकासा दिएकोमा त्यस सम्बन्धी स्रेस्ता परीक्षण गर्दा देहायका व्यहोरा देखिएका छनः

- **विद्यालय छनौटः** विद्यायलय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादानमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न विद्यालय छनौट गर्दा स्थानीय तहका सवै माध्यमिक तहले एक पटक अनुदान प्राप्त गरेको सुनिश्चित गरी उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत विद्यालयहरुलाई अनुदान उपलब्ध गराउनुपर्नेमा माध्यमिक तहका विद्यालयहरुले एक पटक अनुदान पाएको सुनिश्चित नगरी सरस्वति आ.वि. लाई छनोट गर्नु कार्यविधि अनुसार भएको देखिदैन । साथै पालिकाले कार्यक्रमको प्रभावकारीताको मुल्याङ्कन नगरी विद्यालयलाई शिक्षण सिकाई अन्तरगत पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माणमा अनुदान उपलब्ध गराएको छ। अत पालिकाले अनुदान उपलब्ध गराउदा तोकिएको मापदण्ड र प्राथमिकता अनुसार विद्यालय छनौट गर्नुपर्दछ ।
- **अनुगमन नभएकोः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत विज्ञान प्रयोगशाला र ICT ल्यावको कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले Lab/LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्विनमा जोड दिनु पर्दछ ।
- **प्रतिवेदन पेश नभएकोः** विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन। सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

६६ **उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** (२०५-2082-03-20):

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा स्थानीय तहले शैक्षिक व्यवस्थापकीय सुधार सुशाननमा उत्कृष्ठ कार्य गरेका र कार्यक्रम कार्यान्वयन पुस्तिकाको ९.२ मा उल्लेखित मापदण्ड पुरा गरेका विद्यालयलाई छनोट गरी प्रथम र द्बितिय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा दिने र उक्त रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको आवश्यकताको आधारमा शिक्षक कर्मचारीको क्षमता विकास, अभिभावक सचेतना कार्यक्रम तथा शिक्षा, स्थलगत अध्ययन भम्रण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तरक्रिया एवम विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिने गरी खर्च गर्नुपर्ने र सोको विल भरपाई प्रतिवेदन सम्बन्धीत स्थानीय पठाउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भौ.न. २०५ मिति २०८२।०३।२० बाट सिद्धश्वेर मा. वि. लाई रु. ३,००,००० र नवदुर्गा आ.वि. कल्तडीलाई रु. २,००,००० अनुदान निकासा दिएको देखिन्छ । पालिकाले निकासा दिएको रु. ५,००,००० रकमको लेखापरीक्षण अवधिसम्म विल भरपाई तथा प्रतिवेदन पेश नभएकोले अनुदानको सहि सदुपयोग भएको विल भरपाई तथा प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

६७ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरुवाट रु. ४७,३८,६६७ को औषधी सिलबन्दी दरभाउपत्र विधिद्वारा खरिद गरेको छ। विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वियन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन। पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| **गो भौ न ।मिति** | **आपूर्तिकर्ताको नाम** | **खरिद विधि** | **रकम** |
|---|---|---|---|
| 45,२०८१।09।26 | रौलाकेदार मेडिसन सप्लायर्स | सिल्ड कोटेशन | ६५७०५३ |
| ६४,२०८१।१०।१८ | कफलाशैनी मेडिसिन सप्लायर्स | सिल्ड कोटेशन | ९९७४६ |
| २०७,२०८२।०३।२० | गोदारी मेडिसिन सप्लायर्स | कोटेशन | ३५५६२१ |
| २३३,२०८२।०३।२३ | कफलाशैनी मेडिसिन सप्लायर्स | सिल्ड कोटेशन | ६२७५५४ |
| २६७,२०८१।११।१९ | रिदिसिद्धी सर्जिनेट प्रा. लि. | कोटेशन | ५९८६९३ |
| ३४२,२०८२।०१।१७ | रौलाकेदार मेडिसन सप्लायर्स | पत्रिकामा दररेटका आधारमा | २४००००० |
| जम्मा | | | ४७३८६६७ |

- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,
- औषधी खरिदका लागी लागत अनुमान तयार गर्दा स्वास्थ्य विभागको स्विकृत दररेटलाई आधार नलिएको,
- औषधी खरिद गर्दा एकमुष्ठ ईविडिङ नगरि विभिन्न समयमा कोटशन लिने गरेको,

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार LMIS मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका १० वटा वडामा योजनाहरु सञ्चालन गरी २२२५ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ७० जनालाई औसत ७४.९ दिनले ५२४३ दिन रोजगारी उपलव्ध गराई रु. ३२,७९,८३०।०० श्रमिक ज्यालामा खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पाटन नगरपालिका, बैतडी , पाटन नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गणेश सिंह ऐरी | २०८१-१-३१ | २०८१-०५-१७ |
| कार्यालय प्रमुख | अमर राज जोशी | २०८१-०६-१० | २०८१-११-१८ |
| कार्यालय प्रमुख | नारायण बहादुर बिष्ट | २०८१-१२-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिव थापा | २०८०-६-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २७,१५७,३७८ | २,२६४,०५० | ८२५,१४४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३०,२४६,५७२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | २५,८५७,८७२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,३८८,७०० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४८२२०५३२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१३६६७३२८ | चालु खर्च | ४४७४१३२९३ |
| प्रदेश सरकारबाट अनुदान | २४६२७०४८ | पूँजीगत खर्च | ११६१८१४९२ |
| राजश्व बाँडफाँट | १०६६५६६६५ | वित्तीय/अन्य व्यवस्था | २१२००२६१५ |
| आन्तरिक आय | ५७२४५४६.० | | |
| अन्य आय | २४१७९०२४९ | | |
| कुल आय | ७९२४६५८३६.० | कुल खर्च | ७७५५९७४०० |
| बाँकी मौज्दात | | ६५०८८९६८ | |

## अनुसूची - २

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र. सं. | भौ.नं./मिति | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने अवधि | सम्झौता रकम | पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २३१/०८२।३।२४ | गौडाली पौडी खिपाली खा पा निर्माण | सैन निर्माण सेवा | २०८१।१२।४ | २०८२।३।३१ | ११४२३०००। ८० | ३०८४२१ | लेखापरीक्षण अवधि २०८२।५।२३ सम्म ५४ दिनको |
| २ | २३०/०८२।३।२४ | डुब्के सिचाई योजना | बी एण्ड बी अर्गनाइजेशन | २०८२।१।२३ | २०८२।३।३१ | ७२९०४१३।८६ | १९६८४१ | |
| ३ | २२८/०८२।३।२४ | ६ नं. वडा कार्यालयल भवन निर्माण | आर सी कैलास कन्स्ट्रक्शन | २०८१।१०।७ | २०८२।३।३१ | ८५१६८२८ | २२९९५४ | |
| ४ | १३/०८२।३।२४ | सिद्धार्थ उदयदेव धार्मिक पर्यटकिय क्षेत्र आवास निर्माण | बि एण्ड बि कन्स्ट्रक्शन | २०८२।२।२७ | २०८२।३।२० | ६४७६६९२ | २१०४९३ | लेखापरीक्षण अवधि २०८२।५।२३ सम्म ६५ दिनको |
| | | | जम्मा | | | | ९४५७०९ | |

## बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| भौ.नं./मिति | निर्माण कार्य | निर्माण व्यवसायी/ उ.स. | भुक्तानीको विवरण | भुक्तानी हुनुपर्ने परिमाण | भुक्तानी भएको परिमाण | बढी भुक्तानी भएको परिमाण | भुक्तानी दर | जम्मा बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २१८/०८२।३।२३ | दलित सामुदायिक भवन मर्मत | दलित सामुदायिक भवन मर्मत उ.स. | RCC $M_{20}$ work | 3.24$m^3$ | प्रति घ.मी. १२८८७।७७ का दरले भुक्तानी हुनुपर्नेमा १३५१७।७७ ले भुक्तानी भएको | | | २०४२ | PPC सिमेन्ट प्रयोग भएकोमा OPC सिमेन्टको भुक्तानी भएको |
| २३१/०८२।३।२४ | गौडाली पौडी खिपाली खा पा निर्माण | सैन निर्माण सेवा | RCC work in RVT | 7.15 $m^3$ | 15.38 $m^3$ | 8.23$m^3$ | १५००० | १३९४९९ | Circular Wall र top beam मा बढी भुक्तानी भएको |
| | | | Form work | 35.78$m^2$ | 43.28$m^2$ | 7.5$m^2$ | ३०० | २५४३ | |
| २३०/०८२।३।२४ | डुब्के सिचाई योजना | बी एण्ड बी अर्गनाइजेशन | Ps item | 32000 | 64000 | 32000 | १ | ३२००० | सम्झौता ३२००० को भएकोमा ६४००० भुक्तानी भएको |
| | | | RCC $M_{20}$ work | 3.87 $m^3$ | 5.32 $m^3$ | 1.45 $m^3$ | १६००० | २६२१६ | Tank base slab र floor slop को बढी भुक्तानी |
| | | | Local wood work | 0.0964$m^3$ | 0.25$m^2$ | 0.1536$m^2$ | ३०००० | ५२०७ | Door र window को बढी भुक्तानी |
| | | | 38 mm thick salwood shutter | 2.49$m^2$ | 6.18$m^2$ | 3.69$m^2$ | ७००० | २९१८८ | |
| NCB/PTNMUN/W-09/2077/078 | आधारभूत अस्पताल भवन निर्माण | सिनर्जी प्रधान जे भी | Stone masonry work | 530.09 $m^3$ | 574.44 $m^3$ | 44.35 $m^3$ | ५००० | २५०४६५ | Stne masonry work मा RCC M20 र PCC $M_{15}$ को परिमाण नघटाई पुरा परिमाण भुक्तानी भएको |
| | | | Stone masonry work up same wall | 38.13 $m^3$ | 41.85 $m^3$ | 3.72 $m^3$ | ५००० | २१०१८ | |
| २२८/०८२।३।२४ | ६ नं. वडा कार्यालयल भवन निर्माण | आर सी कैलास कन्स्ट्रक्शन | Ps item | २२०९० | ३३१३५ | ११०४५ | १ | ११०४५ | साइट इन्जिनियर र कामदाको Insurance |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | नगरेकोमा भुक्तानी भएको |
| | | | Brick masonry work | $14.34m^3$ | प्रति घ.मी. १५२६० का दरले भुक्तानी हुनुपर्नेमा १६००० ले भुक्तानी भएको | | | ११९९१ | Superstructure को कार्य नभएकोमा superstructure को दर भुक्तानी |
| | | | | $27.77m^3$ | प्रति घ.मी. १५७८८ का दरले भुक्तानी हुनुपर्नेमा १६००० ले भुक्तानी भएको | | | ६६०५ | Superstructure को भुई तलाको मात्र कार्य भएकोमा माथिको तलाको दर भुक्तानी |
| | | | | $43.25m^3$ | $51.49m^3$ | $8.24m^3$ | १६००० | १४८९७९ | brick masonry work मा sill band र lintel band को परिमाण नघटाएको |
| १८०/०८२।३।१७ | २ नं. वडा कार्यालयल भवन निर्माण | बी एन कन्स्ट्रक्शन | Brick masonry work | $28.48m^3$ | $29.20m^3$ | $0.72m^3$ | २०००० | १६२७२ | Ground floor मा बढी भुक्तानी भएको |
| ८०/०८२।२।७ | १ नं. वडा कार्यालयल भवन निर्माण | धरमदेव निर्माण सेवा | Brick masonry work | $21.94m^3$ | $25.8m^3$ | $3.86m^3$ | २१००० | ९१५९८ | brick masonry work मा sill band र lintel band को परिमाण नघटाएको |
| ५०/८१।१२।२८ | ५ नं. वडा कार्यालयल भवन निर्माण | जय माँ स्वर्गद्वारी निर्माण सेवा | Brick masonry work | $51.47m^3$ | $52.87m^3$ | $1.4m^3$ | १४२०० | २२४६५ | |
| संघीय सशर्त | | | | | | | | | |
| १३/०८२।३।२४ | सिद्धार्थ उदयदेव धार्मिक पर्यटकीय क्षेत्र आवास निर्माण | बि एण्ड बि कन्स्ट्रक्शन | Brick masonry work | $41.31m^3$ | $45.2m^3$ | $3.89m^3$ | ७५०० | ३२९६८ | stone masonry work मा stne soling को परिमाण भन्दा बढी भुक्तानी भएको |
| | | **जम्मा** | | | | | | **८५०१०१** | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।